मोफसलको सर्वाधिक लोकप्रिय राष्ट्रिय दैनिक

# पूर्वाञ्चल

श्रीअन्नु प्रकाशन (प्रा.)लि.

२६ Purwanchal National Daily

## झाँक्री रिहा



**झापा, माघ २९ ।** पक्राउ परेको साढे पाँच घण्टापछि नेकपा प्रचण्ड-माधव समूहकी केन्द्रीय सदस्य रामकुमारी झाँक्रीलाई प्रहरीले रिहा गरेको छ । उनी बिहीबार दिउँसो १ बजे पक्राउ परेकी थिइन् ।

राष्ट्रपतिबारे अभिव्यक्ति दिएकी रामकुमारीलाई प्रहरीले राज्यविरुद्धको कसूरको अभियोगमा अनुसन्धान गर्न पक्राउ पूर्जी थमाएर बिहीबार विहान पक्राउ गरेको थियो ।

उनलाई मिनभवनस्थित महाशाखाको कार्यालयमा राखिएको थियो । प्रचण्ड-माधव समूहका नेता योगेश भट्टराईका अनुसार उनलाई प्रहरीले गोरखामा राष्ट्रपतिबारे दिएको अभिव्यक्तिबारे सोधपुछ परेको थियो । झाँक्रीले राष्ट्रपति संस्थाप्रति आफ्नो

*(बाँकी अन्तिम पृष्ठमा)*

## मलेशियामा नेपालीको सामाजिक सुरक्षा

**झापा, माघ २९।** मलेशियामा कार्यरत नेपाली श्रमिकलाई त्यहाँको सामाजिक सुरक्षा योजनामा आवद्धता गराउने बाटो खुलेको छ ।

सोमबारको मन्त्रिपरिषद् बैठकले मलेशियाको सामाजिक सुरक्षा संस्थासँगको समझदारीपत्र स्वीकृत गरी सो समझदारी पत्रमा हस्ताक्षर गर्न अख्तियारी प्रदान गर्ने निर्णय गरेसँगै मलेशियामा रहेका श्रमिकलाई उक्त योजनामा सहभागी गराउने बाटो खुलेको हो । मन्त्रिपरिषद्ले स्वीकृति दिएसँगै मलेशियाको सामाजिक सुरक्षा सङ्गठन (सोक्सो) र नेपालको वैदेशिक रोजगार बोर्डबीच योजनालाई थप व्यवस्थित गर्न सम्झौता हुने बताइएको छ ।

मलेशिया सरकारले त्यहाँ कार्यरत नेपाली श्रमिकलाई सामाजिक सुरक्षा योजनामा आवद्ध गराउने योजनालाई प्राथमिकता दिएपछि बोर्डले सम्झौताका लागि पहल गरेको थियो ।

उक्त समझदारी स्वीकृत गरी सम्झौता गर्न मन्त्रिपरिषद्ले सैद्धान्तिक सहमति दिएको बोर्डका प्रवक्ता दीनबन्धु सुवेदीले बताए । अब छिट्टै उक्त समझदारी गर्ने प्रक्रिया अगाडि बढ्ने पनि उनले जानकारी दिए ।

मलेशियाले सन् २०२० देखि नै त्यहाँ कार्यरत नेपाली श्रमिकलाई सामाजिक सुरक्षा योजनामा आवद्ध गर्ने काम शुरु गरेको थियो ।

*(बाँकी अन्तिम पृष्ठमा)*

## प्रोभिडेन्स कलेज बिर्तामोडको विद्यार्थी भर्ना सम्बन्धी सूचना

त्रिभुवन विश्वविद्यालयबाट सम्बन्धन प्राप्त यस प्रोभिडेन्स कलेज अफ म्यानेजमेन्ट बिर्तामोडमा व्यवस्थापन संकायतर्फ चार बर्षे वीवीएस (स्नातक तह प्रथम बर्ष)मा भर्ना खुलेको सम्पूर्ण विद्यार्थी तथा अभिभावकहरुमा सहर्ष जानकारी गराउँदछौं ।

**भर्ना आवेदन फारम कलेज प्रशासनबाट वितरण भइरहेको छ ।**

## विद्यार्थीको मृत्युपछि कर्मचारी नियन्त्रणमा

**बिर्तामोड, माघ २९।** झापाको कनकाई नगरपालिकास्थित चम्पापुर माध्यमिक विद्यालयका एक जना विद्यार्थीको मृत्यु भएपछि प्रहरीले एक कर्मचारीलाई नियन्त्रणमा लिएको छ ।

सोही विद्यालयमा कक्षा ४ मा अध्ययनरत् १० वर्षीय विद्यार्थीको कुटपिट पछि मृत्यु भएको आरोपमा विद्यालयका खरिदार पदमा कार्यरत रवीन मगरलाई सुरक्षाको कारण देखाउँदै प्रहरीले नियन्त्रणमा लिएको हो ।

विद्यालयको कार्यालय सहायक (खरिदार) पदमा कार्यरत् मगरले कक्षा ४ मा पठन-पठन गराउने क्रममा सोधेको कुरा नजानेको भन्दै गत माघ १८ गते १० वर्षीय विद्यार्थी कृष्णप्रसाद राजवंशीलाई कुटपिट गरेको बताइएको छ ।

शिक्षकको कुटाइबाट विद्यार्थीको कान सुन्निएको र उपचारका लागि तत्काल स्थानीय मेडिकल पुऱ्याइएको थियो -बिद्यालयका एक शिक्षकले भने - मेडिकलले बच्चाको कान सुन्निएको छ, ठूलो अस्पताल लानु भनेपछि बिर्तामोडस्थित बिएण्डसी अस्पताल पुऱ्याइएको थियो ।

तर, त्यहाँ उपचार सम्भव नभएको भन्दै उनलाई बुधबार बिराटनगरस्थित नोवल मेडिकल कलेज रेफर गरिएको र अस्पताल पुऱ्याएर उपचार

*(बाँकी अन्तिम पृष्ठमा)*

## Vacancy Announcement

**Balmiki Education Foundation** Announces Vacancy For the Following posts.

| Subjects | Level | Qualification/Experience |
|---|---|---|
| Computer Teacher (1) | Lower Secondary | B.C.A. |
| OBTE Teacher (1) | L. Secondary | Bachelors in any Field |
| Office Assistant | | Able to type in Nepali & English |
| Incharge | L. Secondary | Bachelors and at least 3 years of expereience in the related field. |

Competent candidates with good English Skill can contact school office within 5th of Falgun along with recent CV and PP size Photo.

**Balmiki Education Foundation**
Contact: 9804952506, 023-542820






# सरस्वती पूजामा विद्यार्थीबाट चन्दा लिए कारबाही !

**बिर्तामोड, माघ २९ ।** झापाको अर्जुनधारा नगरपालिकाले सरस्वती पूजाको नाममा विद्यार्थीबाट चन्दा उठाउने विद्यालयलाई कारबाही गर्ने चेतावनी दिएको छ ।

पूजाको नाममा विद्यालयबाटै विकृति मौलाउँदै गएको भन्दै नगरपालिकाले बिहीबार सूचना जारी गर्दै उक्त चेतावनी दिएको हो । फागुन ४ गते श्रीपञ्चमी पर्व (सरस्वती पूजा) परेको हुनाले उक्त पर्व मनाउने नाममा विद्यालयले विद्यार्थीहरूलाई कुनै किसिमको चन्दा उठाउन बाध्य नबनाउन समेत नगरपालिकाले आग्रह गरेको छ ।

यही फागुन ४ गतेका दिन श्रीपञ्चमी (सरस्वती पूवा) परेका हुनाले उक्त पर्व मनाउने नाममा विद्यालयले आफ्ना विद्यार्थीहरुबाट कुनै पनि किसिमको चन्दा उठाउन बाध्य नबनाउनु हुन जानकारी गराइन्छ,- प्रमुख प्रशासकीय अधिकृत महेन्द्रकुमार खाम्याहाङले जारी गरेका सूचनामा उल्लेख छ - 'यदि कुनै पनि सामुदायिक, धार्मिक र संस्थागत विद्यालयले विद्यार्थीबाट चन्दा रकम उठाएको छ, भने उक्त रकम तत्काल सम्बन्धित विद्यार्थीलाई फिर्ता गर्नु हुन पनि यसै सूचनाद्वारा जानकारी गराइन्छ । यो सूचना विपरीत कुनै पनि किसिमको काम गरेमा नियमानुसार कारबाही गरिने निर्देशनअनुसार अनुरोध छ।'

सरस्वती पूजाको नाममा विद्यालयले विद्यार्थीबाटै चन्दा उठाउने गर्दै आइरहेका छन् ।

# मोटरसाइकल चोरी आरोपमा पक्राउ

**भद्रपुर, माघ २९।** भद्रपुरमा मोटरसाइकल चोरी गरेको आरोपमा एक किशोर पक्राउ परेका छन् ।

पक्राउ पर्नेमा भद्रपुर-५ बस्ने १७ वर्षीय किशोर रहेको प्रहरी कार्यालय झापाले जनाएको छ ।

प्रहरीका अनुसार भद्रपुर-३ स्थित मेचीपारी जोड्ने झोलुङ्गे पुल नजिकै पार्किङ गरी राखिएको भद्रपुर-३ निवासी बलबहादुर तामाङको मे ८ प ६७६२ नम्बरको सेतो रङको अपाची मोटरसाइकल चोरी भएको थियो ।

मोटरसाइकल पार्किङ गरी नजिकैको चिया बगानमा पानी हाल्न गएका तामाङ फर्किएर आउँदा त्यस ठाउँमा मोटरसाइकल नदेखेपछि तत्काल वडा प्रहरी कार्यालय भद्रपुरलाई जानकारी गराएका थिए । मोटरसाइकल चोरी भएको घटना भएलगत्तै प्रहरी टोली खोजी कार्यमा जुटेर ती किशोरले मोटरसाइकल चलाइरहेको फेला परेपछि उनलाई प्रहरीले खेदाएका थिए । प्रहरीले खेदाएपछि उनी मोटरसाइकल छाडेर भागेका थिए । त्यसपछि पसलमा राखिएको सीसी क्यामेराको सहयोगमा उनलाई पक्राउ गरिएको प्रहरीले जनाएको छ ।

वडा प्रहरीले पक्राउ गरेका किशोर र मोटरसाइकललाई आवश्यक कारवाहीका लागि जिल्ला प्रहरी कार्यालय झापा पठाइसकेको छ । यसअघि पनि ती किशोरले भद्रपुरको बधशाला अगाडिमा एउटा स्कुटर चोरी गरेको आरोप लागेको थियो । प्रहरीमा जाहेरी परेपछि आवश्यक कारबाही अघि बढ्ने प्रहरी कार्यालय झापाका डिएसपी राकेश थापाले जानकारी दिए । मुलुकको कानूनमा १८ वर्षभन्दा मुनिका बालबालिका पर्ने भएकोले उनको नाम खुलाउन नमिल्ने उनले बताए ।

यसैबीच धरान उपमहानगरपालिका-१८ स्थित घोपा अस्पतालको कम्पाउण्डभित्र पार्किङ गरी राखेको को.३५ प १२८९ नम्बरको मोटरसाइकल चोरी गर्ने २ जनालाई बुधबार दिउँसो प्रहरीले पक्राउ गरेको छ ।

पक्राउ पर्नेहरूमा सुनसरी रामधुनी नगरपालिका-१ बस्ने १९ वर्षीय आकाश चौधरी र १९ वर्षीय अनिमेश चौधरी रहेका छन् । मोटरसाइकल चोरी गरी लैंजादै गरेको भन्ने खबर प्राप्त हुनासाथ अस्थाई प्रहरी पोष्ट घोपाबाट खटिएको प्रहरीले उनीहरूलाई उक्त मोटरसाइकल सहित फेला पारी पक्राउ गरेको हो ।

यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको बताइएको छ ।

# ज्वाइँद्वारा सासूको हत्या

**विराटनगर, माघ २९** मोरङमा ज्वाइँले सासूको हत्या गरेका छन् । मोरङको जहदा-१ धुनिटोलमा आफ्नै ज्वाइँले दाउ प्रहार गरेर सासूको हत्या गरेको प्रहरीले जनाएको छ ।

घरायसी विवादका क्रममा बुधबार बिहान दाउले टाउकोमा प्रहार गरेर गम्भीर घाइते भएकी सासूको बिहीबार उपचारका क्रममा मृत्यु भएको हो । इलाका प्रहरी कार्यालय रानीका प्रहरी निरीक्षक दीपक थापाका अनुसार ५५ वर्षीया जोसनीदेवी सरबरियालाई झापा गौरीगञ्ज-९ का कनु भनिने प्रेमलाल सरबरियाले दाउ प्रहार गरेर गम्भीर घाइते बनाएका थिए ।

बिगत ११ दिनदेखि सुसुरालीमा बस्दै आएका ज्वाइँले सामान्य विवादमा सासूको टाउकोमा दाउले प्रहार गरेको बताइएको छ ।

घाइते सासू जोसनीदेवीलाई उपचारका लागि कोशी अस्पताल विराटनगरमा भर्ना गरिएको थियो । तर, उपचार संभव नभएपछि नोबेल अस्पतालमा भर्ना गरिएको थियो । घटनामा संलग्न ज्वाइँलाई प्रहरीले नियन्त्रणमा लिएर अनुसन्धान शुरु गरिसकेको बताइएको छ ।


सूचना! सूचना!! सूचना!!!

विश्वसनिय सेवा प्रथम पटक र हरेक पटक सेवाग्राहीको सन्तुष्टि हाम्रो लक्ष्य, गुणस्तरीय सेवा हाम्रो पहिचान ।

को नारा सहित यस एन.आर.एल. बितमोड (प्याथोलोजि ल्याव) को छैटौं स्थापना दिवसको अवसरमा मेची अञ्चलमा पहिलो अत्याधुनिक (Fully Automatic) पूर्ण स्वचालित मेसीनबाट रक्त परिक्षणहरुमा विशेष छुट र निःशुल्क परिक्षणको व्यवस्था गरिएको हुँदा आफू र आफ्नो परिवार अथवा इष्ट-मित्रको स्वास्थ्य अवस्था थाहा पाई ढुक्क हुनुहोस्।

रगत परिक्षणहरु — विशेष छुट

| | | |
|---|---|---|
| १ | मधुमेह Sugar (F/PP/R) | निःशुल्क |
| २ | एच.वि.ए.वान.सी HbA1c | ७२० |
| ३ | बोसो सम्बन्धी (Lipid Profile) | ६४० |
| ४ | कलेजो (Liver Function Test) | ७०० |
| ५ | थाईरोईड (TFT) | ८८० |
| ६ | किड्नी (RFT) | ५६० |
| ७ | मुटु सम्बन्धी (Cardiac) | १२६० |

उल्लेखित छुट २०७७ साल माघ २८ गते देखि फाल्गुण ५ गते सम्म लागु हुने छ । आईतवार २ बजे सम्म मात्र कार्यालय खुल्ला रहने छ

नोट : माथि उल्लेखीत रक्त परिक्षणहरुमा मात्र छुटको व्यवस्था गरिएको छ ।

nrl एन.आर.एल. Leading the way... in diagnostics बितमोड प्रा.लि. (प्याथोलोजि ल्याब)

"Every drop of sample deserve quality reports"


# नेतृत्व विकास तालिम

**बिर्तामोड, माघ २९।** नारी संकल्प संस्था (नासा)को आयोजना तथा बिर्तामोड नगरपालिका वडा नं.-४ को सहयोगमा तीन दिने नेतृत्व विकास तालिम शुरु भएको छ ।

बिर्तामोड नगरपालिकाको वडा नं. - ४ को वडा कार्यालयमा बिहीबार तालिमको उद्घाटन गरिएको हो । नारी संकल्पकी अध्यक्ष तुलसा मैनालीको अध्यक्षतामा भएको कार्यक्रममा वडाध्यक्ष कुलप्रसाद संग्रौलाको प्रमुख आतिथ्य रहेको थियो ।

कार्यक्रममा नारी संकल्पकी कार्यक्रम संयोजक शिला ढकाल, बिर्तामोड-४ का वडा सदस्यहरु कविता थापा, निर्मला ल्वागुन, टोल विकास संस्थाका सञ्जिव चापागाई, वडा सचिव नन्दलाल आचार्य, प्रशिक्षक केशव भट्टराई, स्वस्तिका आचार्य लगायतको आतिथ्य रहेको थियो ।

आशा बानियाँले औचित्यमाथि प्रकाश पारेको कार्यक्रममा स्वागत दीपा भण्डारीले गरेकी थिइन् । तालिममा ६० जनाको सहभागिता रहेको बताइएको छ ।

कार्यक्रमको सञ्चालन नारी संकल्पकी सचिव हिमादेवी प्रसाईंले गरेकी थिइन् ।

# करणी अभियोगमा पक्राउ

**झापा, माघ २९।** २० वर्षीया युवतीलाई जबरजस्ती करणी गरेको अभियोगमा त्रियुगा नगरपालिका-११ बस्ने २२ वर्षीय साईमन राईलाई प्रहरीले पक्राउ गरेको छ ।

साईमनले ती युवतीलाई ललाई फकाई आफ्नै कोठामा लगी जबरजस्ती करणी गरेको भन्ने खबर प्राप्त हुनासाथ जिल्ला प्रहरी कार्यालय उदयपुरबाट खटिएको प्रहरीले उनलाई पक्राउ गरेको हो । पक्राउ परेका साइमनका सम्बन्धमा प्रहरीले थप अनुसन्धान गरिरहेको बताइएको छ ।

# लक्ष्मी साइकल स्टोरद्वारा शोरूमको शुभारम्भ

**कमल, माघ २८।** लक्ष्मी साइकल स्टोर दमकले साइकल शोरुमको शुभारम्भ गरेको छ ।

दमक-५ स्थित लक्ष्मी साइकल स्टोरले आफ्नै नयाँ भवनमा साइकल शोरुमको शुभारम्भ गरेको हो । दमक उद्योग वाणिज्य संघका अध्यक्ष गोकुल श्रेष्ठ र पूर्व अध्यक्ष प्रकाश प्रसाईले शोरुमको शुभारम्भ गरेका थिए ।

शुरुका दिनमा साइकल मर्मतबाट सेवा शुरु गरेको लक्ष्मी साइकल स्टोरले तीन दशकभन्दा बढी समयदेखि साइकल खरिद-बिक्रीको सेवा दिँदै आएको छ । साइकल स्टोरका सञ्चालक कृष्ण साह तेलीले २०४४ सालबाट साइकल बनाउने सेवा शुरु गरेर अहिले करिब एक करोडभन्दा बढीको लगानीमा आधुनिक साइकलका बिभिन्न पार्ट्ससहित साइकलका पारखी युवा पुस्ताको मागलाई ध्यान दिएर सेवा शुरु गरेको बताए ।

माउण्टेन वाइक, गियर साइकल, बच्चाका लागि किड्स साइकल, वाकर, ट्राई साइकल, केटाकेटीको खेलौना, जिमफिट्नेस लगायतका सामानको खुद्रा तथा थोक बिक्रेता रहेको सञ्चालक साहले बताए ।

## मलेशियामा...

सोक्सो मलेशियाको मानव संशाधन मन्त्रालयअन्तर्गत मलेशियामा काम गर्ने सबै श्रमिकलाई सामाजिक सुरक्षा प्रदान गर्ने उद्देश्यले स्थापित संस्था हो ।

रोजगारदाताले मासिकरूपमा गर्ने योगदानका आधारमा विदेशी कामदारलाई सोक्सोअन्तर्गत दर्ता गरिने व्यवस्था रहेको छ । मलेशिया सरकारले सन् २०२० देखि सबै विदेशी श्रमिकलाई अनिवार्यरूपमा लागू हुने यस्तो निर्णय गरेको थियो ।

मलेशियाले यसअघि इन्डोनेशिया र पाकिस्तानसँग उक्त कार्यक्रममा आफ्ना श्रमिकलाई आबद्ध गराउन समझदारी गरिसकेको छ । बोर्डमार्फत पीडित श्रमिक र परिवारको विवरण प्रमाणीकरण तथा सम्पर्क, समन्वय गरी सिधै क्षतिपूर्ति प्रदान गर्ने उद्देश्यले समझदारीका लागि प्रस्ताव प्राप्त भएको थियो ।

सोक्सोमा दर्ता भएका श्रमिकले स्वास्थ्योपचार, अस्थायी तथा स्थायी अशक्तता सुविधा, आश्रित परिवार सुविधा, शव फिर्ती तथा अन्तिम संस्कार सुविधा, सहयोगी भत्ता र पुनःस्थापना सुविधा प्राप्त गर्न सक्नेछन् ।

यो सङ्गठनमा आबद्ध भएपछि कुनै पनि श्रमिकले अतिरिक्त शुल्क व्यहोर्नु नपर्ने बोर्डले जनाएको छ । रोजगारदाताले विदेशी कामदारको तलबको १.२५ प्रतिशत मासिकरूपले योगदान गर्नुपर्ने छ । श्रमिकको प्रवेशाज्ञालगायत अन्य कागजात तयार भइसकेपछि मात्र दर्ता हुन पाइने व्यवस्था रहेको छ ।

उक्त कार्यक्रममा आबद्ध भएपछि कार्य समयभित्र मृत्यु भएमा विदेशी श्रमिकको परिवारजन (आमा बाबु, श्रीमान् वा श्रीमती र २१ वर्षमुनिका छोराछोरी मात्र) ले तलबको ९० प्रतिशत आजीवन मासिकरूपमा पाउने व्यवस्था रहेको छ ।

श्रमिक आंशिक अपाङ्गता भएमा वा कामको सिलसिलामा दुर्घटनामा परी पूर्ण अपाङ्गता भएमा आजीवन आर्थिक सहयोग पाउने, मृत्यु भई मलेशियामा नै दाहसंस्कार हुनेको हकमा नेपालका परिवारजनले दुई हजार मलेशियन रिंगिटसम्म खर्च पाउने तर मृतकको शव नेपाल पठाउनु परेमा छ हजार ५०० रिंगिट तथा श्रमिक बिरामी भएमा औषधोपचार सुविधा पाउने व्यवस्था छ ।

सोक्सो अन्तर्गत पाउने यो सामाजिक सुरक्षा सुविधा वैधानिक श्रमिकले मात्र पाउनेछन् । साविकको कम्पनी छाडेर भागेमा तथा अवैधानिक भएमा त्यस्ता कामदार सामाजिक सुरक्षावापतको सेवा सुविधा पाउनबाट बञ्चित हुनेछन् ।

त्यहाँ रहेका नेपाली श्रमिकलाई उक्त प्रक्रियामा सामेल गराउन मलेशियाले दुई वर्षअघि नेपाललाई अनुरोध गरेको थियो । मलेशियाले पठाएको प्रस्तावलाई कानून र परराष्ट्र मन्त्रालयको राय समेटेर बोर्डले अन्तिम रूप दिएको थियो ।

## विद्यार्थीको ...

शुरु गरेलगत्तै विद्यार्थीको मृत्यु भयो - उनले भने ।

रबीन सरले पढाउने क्रममा 'ह्वाट इज योर ग्रेण्ड फादरर्स नेम' भनेर सोध्नु भएको रहेछ -उनले भने - विद्यार्थीले नजानेपछि कान तान्नु भएको भन्ने सुनिएको हो, आफूले देखेको छैन । तर, विद्यार्थीको के कारणले मृत्यु भयो पोष्टमार्टम रिपोर्ट पछि खुल्ला । सुन्दैछु निमोनियाले गर्दा बच्चाको निधन भएको हो- उनले भने ।

यता इलाका प्रहरी कार्यालय अनारमनीका प्रहरी नायव उपरीक्षक सन्तोष आचार्यले शिक्षकको पिटाइबाट विद्यार्थीको मृत्यु भएको भन्ने खबर आएपछि मगरलाई नियन्त्रणमा लिएको बताए ।

मगरलाई सुरक्षाका कारण नियन्त्रणमा लिएको डीएसपी आचार्यको भनाइ छ ।

घटनावारे थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ । विद्यालयमा शिक्षक कम भएको समयमा मगरलाई विद्यार्थी कन्ट्रोल गर्न र पढाउने जिम्मेवारी दिने गरेको बताइएको छ ।

यसैबीच बिहीबारसम्म कुनै जाहेरी दर्ता नभएको प्रहरीले जनाएको छ । बालकको पोस्टमार्टम पछि परिवारले शव बुझेको अस्पताल स्रोतले जनाएको छ ।

## झाँक्री...

सम्मान रहेको तर व्यक्तिका विषयमा अभिव्यक्ति स्वतन्त्रताको अधिकार प्रयोग गरेर बोलेको बताएकी थिइन् ।

उनी पक्राउ परेको विरोधमा प्रचण्ड-माधव समूहका कार्यकर्ताले दिनभर वानेश्वर क्षेत्रमा प्रदर्शन गरेका थिए ।

महानगरीय अपराध महाशाखाका प्रमुख एसएसपी दीपक थापाले रामकुमारीलाई उनका श्रीमानको जिम्मामा रिहा गरिएको बताए ।


भाका, भूल, दया, क्षमा र ममता सन्तोष जान्दैन त्यो, इन्द्रै बिन्ती गरुन् झुकेर पदमा त्यो बिन्ती मान्दैन त्यो
थुप्रोमा उधिनी मिठो र नमिठो छुट्टाइ छान्दैन त्यो, आयो टप्प टिप्यो, लग्यो, मिती पुग्यो, टारेर टर्दैन त्यो

हार्दिक श्रद्धाञ्जलिसहित कृतज्ञता

हाम्री पुजनीय, ममतामयी आमा, हजुरआमा **मनकुमारी श्रेष्ठ**को यही मिति २०७७ माघ २१ गतेका दिन असमायिक एवम् अकल्पनीय निधन भएकोले उहाँको आत्माको चिरशान्ति र वैकुण्ठवासको कामनासहित भावपूर्ण श्रद्धासुमन अर्पण गर्दछौ ।

यस दुखको घडीमा हामीलाई समवेदना र समानुभूतिका शव्दहरू अर्पण गर्नु हुने सम्पूर्ण महानुभावप्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछौं । साथै यही माघ २८ का दिन हुने शुद्धयाँई कार्यमा उपस्थितिका लागि सम्पूर्ण मलामीजन, आफन्त, कुलकुटुम्व, वन्धुवान्धव, छरछिमेक र इष्टमित्रहरूलाई हार्दिक निमन्त्रणा गर्दछौं ।




जन्म २००० वैशाख २
निधन : २०७७ माघ २१

छोरा/बुहारी :स्व. कृष्ण + मैया, सुधा श्रेष्ठ , दीपक+सानु श्रेष्ठ, राजु + जनिता श्रेष्ठ स्व. केशव +मञ्जिला श्रेष्ठ, महेन्द्र+सविता श्रेष्ठ
छोरीहरु :स्व. लक्ष्मी श्रेष्ठ,सरस्वती श्रेष्ठ (१६ नातिहरु,७ नातिनीहरु, ३ पनातिहरु र २ पनातिनीहरु
एवम्,समस्त श्रेष्ठ परिवार, मेचीनगर-६, काँकरभिट्टा (झापा)

बिर्ता आयुर्वेद एण्ड फिजियोथेरापी सेन्टर, अष्टाङ्ग आयुर्वेद फार्मेसी

[redacted]

आकर्षक घडेरी बिक्रीमा

झापाको अर्जुनधारा-९स्थित कटहरडाँडामा कालोपत्रे पिच बाटोले छोएको ४२ फिट मुख भई पश्चिम फर्केको घरायसी तथा व्यापारिक प्रयोजनको लागि भिटाहरु एकमुष्ठ वा टुक्रा गरी लिन चाहने व्यक्तिले सम्पर्क राख्नुहोला ।

नोटः जम्मा जग्गाको क्षेत्रफल १६ कठ्ठा १३ धुर रहेको छ ।

*पुनश्चः बाटोको भाग पिच सेन्टरबाट २६ फिट कट्टा गरी दिइनेछ ।*

**सम्पर्क : नरेश श्रेष्ठ (९८४२६२४१५०/९८१७०२१८५५)**

रामघाट दिव्य धाम, मेचीनगर-१०, धुलाबारी झापा

उपस्थित भइदिने बारेको सूचना

**यस रामघाट दिव्य धामको पाँचौं वार्षिक साधारण सभा निम्न मिति, समय र स्थानमा हुने भएको हुँदा उक्त कार्यक्रममा उपस्थित भई कार्यक्रमको शोभा बढाइदिनुहुन हार्दिक अनुरोध गर्दछौं ।**

**मिति : २०७७ माघ ३० गते (शुक्रबार)**
**समय : बिहानको १०:३० बजे**
**स्थान : रामघाट दिव्य धामको सभाहल मेचीनगर-१०, झापा**

**त्रिभूवन चौधरी : सचिव** — **गोपालप्रसाद गुप्ता : अध्यक्ष**


[redacted]

**सँधियार पूर्व श्री उमा खतिवडा, पश्चिम श्री दीपक बोहोराका नाममा जारी गरिएको सात दिने सूचना**

साविक अनारमनी नगरोन्मुख गाविस, साविक चारपाने गाविस, साविक गरामनी गाविस वडा नं. १ हाल बिर्तामोड नगरपालिका, वडा नं. ६ बस्ने श्री मिनकुमारी दाहालले निजका नाममा दर्ता कायम रहेको तपसिल बमोजिम जग्गामा भवन निर्माण, नक्सा पास तथा निर्माण कार्यको अनुमति पाउँ भनी घर नक्सासहित निवेदन पेश गर्नु भएकोमा तपाई सँधियारको उपस्थिति नरहेकोले स्थानीय सरकार सञ्चालन ऐन २०७४को दफा ३१को उपदफा (क) बमोजिम यो सूचना प्रकाशित गरिएको छ । उक्त विवरणमा तपाईंको कुनै हकदावी भए, यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र आफ्नो प्रमाणसहित यस कार्यालयमा निवेदन पेश गर्नु होला । म्यादभित्र कुनै दावी विरोध नभए कानून बमोजिम भई जाने व्यहोरा समेत सूचित गरिन्छ ।

| जग्गा रहेको स्थान | सिट.नं. | कि.नं. | क्षेत्रफल | नक्सा दर्ता | सूचना प्रकाशित | सर्जमिन मिति |
|---|---|---|---|---|---|---|
| बिर्तामोड-६ | १८०००४१ | १२१६ | २२०.१० | २०७७।०९।१६ | २०७७।०९।१६ | २०७७।१०।२८ |


तीन पाउ भूमि दिंदा बली राजा अमर भए
ठूलो पुण्य गर्नुभयो पितृहरु स्वर्ग गए

भूमि दान, महाअभियान

अर्जुनधारा जलेश्वरधाम आज धार्मिक धरोहर मात्र नभई नेपाल सरकारको पर्यटन बोर्डमा समेत सूचीकृत भइसकेकोले धार्मिक एवम् पर्यटकीय क्षेत्रको बृहत् गुरुयोजनालाई अगाडि बढाउँदै विविध संरचना निर्माण गर्ने क्रममा भूमि पर्याप्त नभएकाले आवश्यक भूमि लिने क्रममा छौ । उक्त महान कार्यको लागि भूमिदानको व्यवस्था गरिएको छ । श्रद्धेय भक्तजनमा सबैलाई सहज हुने गरी न्यूनतम् एक भक्तजनले १ वर्ग फिट भूमिदान गरी यो महान अभियानको सदस्य बनौं ।

गुरु योजना



| वर्गफिट | रकम |
|---|---|
| १ वर्ग फिट | ३५० |
| ३ वर्ग फिट | १,०५० |
| ६ वर्ग फिट | २,१०० |
| ९ वर्ग फिट | ३,१५० |
| १५ वर्ग फिट | ५,२५० |
| २१ वर्ग फिट | ७,३५० |
| ३१ वर्ग फिट | १०,८५० |
| ५१ वर्ग फिट | १७,८५० |
| १०१ वर्ग फिट | ३५,३५० |
| १५१ वर्ग फिट | ५२,८५० |
| ५०१ वर्ग फिट | १,७५,३५० |
| १००१ वर्ग फिट | ३,५०,३५० |
| १५०० वर्ग फिट | ५,२५,००० |

सहयोगको सुविधाका लागि
**श्री अर्जुनधारा जलेश्वरधाम**
अर्जुनधारा नगरपालिका-७, झापा

**सम्पर्क नं.: ०२३-४६५२५५ (कार्यालय)**
**९८४२७०६०८३ (गुरु), ९८४२७३१९०५ (का. सचिव**

एक्सेल डेभलपमेन्ट बैंक लि. Excel Development Bank Ltd.
खाता : श्री अर्जुनधारा जलेश्वर धाम
खाता नं 00700200038334000002

राष्ट्रिय वाणिज्य बैंक लि. RASTRIYA BANIJYA BANK LTD.
खाता : श्री अर्जुनधारा जलेश्वर धाम
खाता नं 262000447810(S4478)

अन्तर्राष्ट्रिय सहयोगदाताहरुको लागिः SWIFT CODE: RBBANKPKA


श्री कनकाई माध्यमिक विद्यालय
कनकाई नगरपालिका-३, सुरुङ्गा (झापा)को

**प्राथमिक शिक्षक आवश्यकता**

प्रकाशित मिति : २०७७/१०/२९

शिक्षा विकास तथा समन्वय इकाइ झापाको प.सं. २०७७।०७८ (विव्यशाखा) च.नं. ८२९ अनुसार यस विद्यालयमा रिक्त रहेको प्राथमिक तहको दरबन्दी शिक्षा नियमावली २०५९ संशोधनसहितको नियम ९१ मा भएको व्यवस्था अनुसार हुने गरी योग्य शिक्षक करारमा नियुक्ति गर्न शिक्षक छनौट समितिको मिति २०७७।१०।२९ को निर्णय अनुसार देहाय बमोजिमको विज्ञापन प्रकाशन गरिएको छ ।

**तपसिल**

| क्र.सं | विज्ञापन नं. | तह, श्रेणी र प्रकार | रिक्त पद संख्या |
|---|---|---|---|
| १ | २।२०७७।०७८ | प्राथमिक /तृतीय/करार | १ |

१) तलब स्केल : नेपाल सरकारले तोके बमोजिम ।
२) शैक्षिक योग्यता : मान्यताप्राप्त शिक्षण संस्थाबाट कक्षा १२ वा सो सरह उत्तीर्ण गरेको र अध्यापन अनुमतिपत्र प्राप्त गरेको ।
३) उमेर र अयोग्यता : १८ वर्ष पूरा गरी ४० वर्ष ननाघेको तथा प्रचलित कानून बमोजिम अयोग्य नभएको ।
४) परीक्षा दस्तुर : रु. १००० ।- (अक्षरेपी एक हजार मात्र)
५) आवेदन दिने स्थान : कनकाई मा.वि.को कार्यालय ।
६) पाठ्यक्रम : शिक्षक सेवा आयोगले तोकेको पाठ्यक्रम ।
७) दरखास्त दिने अन्तिम मिति : शिक्षक सेवा आयोगबाट प्रकाशित झापा जिल्लाभरिका प्राथमिक तहका करार सूचीका उम्मेद्वारहरुबाट २०७७ फागुन १३ गते कार्यालय समयभित्र र करार सूचीका उम्मेद्वारहरुबाट निवेदन प्राप्त नभए अन्यका लागि २०७७ फागुन २० गते कार्यालय समयभित्र ।
८) आवेदन साथ पेश गर्नुपर्ने कागजपत्रहरु : शैक्षिक योग्यताको प्रमाणपत्रका प्रतिलिपिहरु (चारित्रिक, लब्धांकपत्र/ग्रेडसिट, ट्रान्सक्रिप्ट), अध्यापन अनुमतिपत्रको प्रतिलिपि, नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि १/१ थान र पासपोर्ट साइजको फोटो २ प्रति ।
९) परीक्षाको प्रकार : लिखित, अन्तर्वार्ता र आवश्यकता अनुसार प्रयोगात्मक समेत ।
१०) परीक्षा मिति सम्पर्क मितिमा तोकिनेछ ।
११) सम्पर्क मिति : मिति २०७७/११/१४गते । (करार सूचीका लागि )
मिति २०७७/११/२१ गते (अन्यका लागि)
१२) सम्पर्क नम्बर (०२३-५५०१२५/९८५२६५०१२५)

**शिक्षक छनौट समिति**


बिर्ता (सेफ्टी तथा ढल सफाई)
बिर्तामोड, झापा

(पहाडी क्षेत्रमा पनि यो सेवा उपलब्ध छ ।)



पूर्वाञ्चलमै सबैभन्दा ठूलो भ्याकुम सिस्टमबाट सफाइ गरिन्छ ।

भुपाल बुढाथोकी
023-545402
9825952677
9825952680

सेफ्टी तथा ढल सफाई गर्नु परेमा हामीलाई सम्झनुहोस् ।



श्रीअन्तु प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित - कार्यालय : बिर्तामोड-१, झापा ■ प्रकाशक : भरतलाल गिरी, ■ अध्यक्ष : टोरूप प्रसाई, ■ व्यवस्थापक : चन्द्रकान्त ढकाल (९८४४६४२०९५/ ९८१७९९०२९९) ■ प्रकाशन सहयोगी : भानुप्रसाद शिवाकोटी ■ सम्पादक : एकराज गिरी ■
■ अनलाइन संयोजक : नरेन्द्र ढकाल ■ उपसम्पादक : तुलसीप्रसाद निरौला ■ सह-सम्पादक : सुरेन्द्र भण्डारी ■ डेस्क सम्पादक : लक्ष्मण ढकाल ■ लेखा : सोमनाथ भण्डारी ■ कार्यकारी व्यवस्थापक : होमप्रकाश अधिकारी (९८४२६३४७४०) ■ बजार व्यवस्थापक : लीला आचार्य (९८१४०१८५७१)
■ प्रेसेसिङ : गोपाल मण्डल ■ प्राविधिक : बद्री महतारा ■ बजार प्रतिनिधि: गोपाल अधिकारी-९८४२६९६११२/सञ्जय श्रेष्ठ ९८०६०३३१५३ ■ कम्प्युटर : रुपा मुखिया/ सन्तोष अधिकारी (कार्यालय फोन : ०२३-५३१००२/प्रशासन/विज्ञापन : ०२३-५३००४४) Email: purwanchal2052@gmail.com

पूर्वाञ्चल

## सम्पादकीय

# दायित्व नबिर्स

**प्रजातन्त्रको अन्तिम लडाइँ भनिएको ०६२/०६३ को आन्दोलनले निर्माण गरेको संविधानको मसी सुक्न पाएको छैन । तर, त्यसो भन्ने राजनीतिक दल र तिनका नेताहरु डेढ दशक नबित्दै फेरि सडक आन्दोलनमा छन् । सरकारसँग असन्तुष्ट सत्तारुढ दलका नेताहरु नै प्रधानमन्त्री केपी ओलीले प्रतिनिधिसभा विघटन जस्तो गैरसंवैधानिक निर्णय गरेको भन्दै विरोध प्रदर्शनलाई तीव्र बनाइरहेका छन् । त्यही समय संवैधानिक अङ्गहरुमा पदाधिकारीहरु नियुक्ति गरेको विषयले राजनीतिक झनै तरंगित हुन पुगेको छ । वर्तमान सरकार जनआन्दोलनबाट स्थापित नागरिक स्वतन्त्रता र अधिकारमाथि बन्देज लगाउन उद्दत रहेको निष्कर्षसहित नागरिक समाजले पनि तेस्रो जनआन्दोलन अपरिहार्य रहेको बताउन थालेको छ ।**

**दोस्रो जनआन्दोलनबाट प्राप्त उपलब्धीमध्ये संविधानसभाबाट निर्माण भएको संविधान उपल्लो प्राप्ति हो । त्यही संविधानले प्रदान गरेको प्रेस तथा अभिव्यक्ति स्वतन्त्रता माथि बन्देज लगाउने विधेयक अध्यादेशबाट लागू गर्न लागिएको नेताहरु नै बताउन थालेका छन् । विद्युतीय सञ्चारमाध्यम र सामाजिक सञ्जाललाई मर्यादित बनाउने भन्दै ल्याउन खोजिएको अध्यादेशले आफ्ना आलोचकहरुको मुख थुन्ने छ । विरोधी, आलोचक तथा नागरिक स्वतन्त्रता र अधिकारका लागि उठ्ने आवाजहरु निस्तेज पार्ने भन्दै संसद्मा तीव्र विरोध भएपछि थन्किएको विधेयक निर्णयमा रुपान्तरण भयो भने दोस्रो जनआन्दोलनको उपलब्धी समाप्त हुनेछ ।**

**प्रधानमन्त्रीको निर्णयका विरुद्ध राजनीतिक दलहरु गोलबन्द पनि हुन थालेका छन् । कतिपय कम्युनिस्ट विचार र दर्शन बोकेकाहरुले कार्यगत एकता समेत गरेका छन् । यही समय काठमाडौंमा नेकपाको दाहाल–नेपाल पक्षद्वारा बुधबार आयोजित विरोध प्रदर्शन तथा सभाका वक्ताहरुले प्रमुख प्रतिपक्षी नेपाली काग्रेसलाई समेत संयुक्त आन्दोलनका लागि आह्वान गरेका छन् । नेपाली काग्रेसले प्रधानमन्त्रीको निर्णयको विरोध वा घोषित निर्वाचनका पक्षमा स्पष्ट निर्णय नगरेका कारण राजनीति कुन दिशातर्फ अघि बढ्छ, देशको अवस्था के हुन्छ अन्यौल यथावत छ । यही समय आफ्ना दलका असन्तुष्ट र विपक्षमा रहेकाहरुमाथि प्रहरीले अनुसन्धान शुरु गरेको छ । युवा नेतृ रामकुमारी झाँक्रीको सार्वजनिक अभिव्यक्तिलाई लिएर प्रहरीले सादा पोशाकका प्रहरी उनको निवासमा पक्रन पठाएपछि सरकारले अझै कठोर निर्णय गर्न सक्ने आशंका गर्न थालिएको छ ।**

**देशको सम्पूर्ण विकासको पहिलो आधार राजनीतिक स्थिरता हो । यसले शान्ति कायम गर्छ र समृद्धिको मार्ग प्रशस्त गर्छ । त्यसैले नेपाली जीवनको आहुती दिएर प्रजातन्त्र र राजनीतिक स्थिरताका लागि शहीद हुन तयार भए । यसरी प्राप्त उपलब्धीलाई जोगाउनु राज्य र त्यसका नेतृत्वको मूल दायित्व हो । नेतृत्वको यही भूमिकाले मात्र उपलब्धीलाई जोगाउँछ, संस्थागत गर्छ र भावी पुस्तालाई हस्तान्तरण हुन सक्छ । यसका लागि कमसेकम सत्तारुढ दलका बीच असहमति, अनेकता र मतभिन्नता रहनु हुन्न । यसका लागि पनि सरकारको नेतृत्वकर्ताको चिन्ता, चासो र उदात्त भाव हुनुपर्दछ ।**

# बढिरहेछ महिला हिंसा : प्रहरीको मौनता



**विष्णुप्रसाद खरेल**

झापा क्षेत्र नं. २ बाट राज्यका तीनवटै अङ्गमा महिलाको प्रतिनिधित्व छ। संघीय संसदमा पवित्रा खरेल, राज्य सभामा सरिता प्रसाई, प्रदेश सभामा जसमाया गजमेर र स्थानीय सरकारमा रहेको अर्जुनधारा नगरपालिका उपप्रमुख पनि महिला। त्यति मात्र होइन वडा सरकारमा दुई जना महिला प्रतिनिधिहरु पनि छन्।

राजनीतिक दल र नागरिक समाज त हुने नै भए। यस्तो अवस्थामा पनि झापाको अर्जुनधारा नगरपालिकाको शनिश्चरे बजारमा एक जना महिला बर्षौंदेखि पारिवारिक हिंसा र सामाजिक हिंसामा पिल्सिएर बाँच्न बाध्य छिन्। ती महिलाको पीडाका बारेमा कसैलाई चासो छैन। उल्टै केही मानिसहरु पीडक पक्षको रसपानमा भुलेर महिलालाई प्रताडित गर्न थालेका छन्। व्यक्ति विशेषमा त स्वार्थपन लुकेको हुन सक्ला र त्यसबाट प्रभावित हुन सक्लान्। तर, सार्वजनिक जवाफदेहित बोकेका व्यक्तिहरु र राज्यले कानूनको संरक्षण गर्न जिम्मेवारी दिएको निकाय नै यस्ता मुद्दालाई होस्टायल गरी पीडितलाई थप पीडा दिन थाल्यो भने के हुन्छ ?

पीडित महिला सरल स्वभावकी छन्। आफ्नै खुट्टामा उभिएर जीवन चलाउने प्रयासका कारण ब्युटीपार्लर खोलेर आफू र आफ्ना दुई छोराहरुको संरक्षण कठिनताका साथ गरिरहेकी छन्। केही बर्ष अघिदेखि उनी र उनीका पतिको परिवारमा खट्पटी शुरु भयो। देवरले प्रहार गरेको लात्तीको चोटले अहिले पनि छाती दुख्ने गरेको छ। परिवारका अन्यबाट भए/गरेको पीडादायी व्यवहार त छदै थियो, पतिबाट समेत अपमानित, लान्छित र त्रसित भएर बाँचिरहेकी छन्।

यस लेखको स्तम्भकार मानव अधिकार सञ्जाल झापामा आवद्ध छ। त्यसैले, यस घटनामा परिवारबाट भएको हिंसाको प्रारम्भबाटै जानकार पनि छ। शुरुमा ती महिलालाई विभिन्न आरोप लगाएर लज्जित पार्ने प्रयास गरियो। तर, समाजमा कसैले पनि पत्याएनन्। त्यसपछि धम्की दिन शुरु गरियो। घरमै देवरबाट कुटपिट भयो। प्रहरीमा उजुरी गरिन्। आइन्दा यस्तो नगर्ने शर्तमा मेलमिलाप भयो। तर, पति र परिवारको मति सुध्रिएन। सम्बन्धबिच्छेद गर्न मानसिक दवाब दिइयो, तर उनी तयार भइनन्। उनका पतिले सम्बन्धबिच्छेदको मुद्दा जिल्ला अदालत झापामा दर्ता गरे। मुद्दाको प्रतिरक्षा गर्न उनी पनि बाध्य भइन्। अदालत गइन् र घरेलु हिंसा र आफू र आफ्ना दुई छोराहरुको संरक्षणको हकका लागि मुद्दा दर्ता गरिन्। मुद्दा अहिले पनि सम्मानित जिल्ला अदालत झापामा कायमै छ।

पतिले सम्बन्धबिच्छेदको मुद्दा हालेपछि आफ्नो र सन्तानको अधिकार रक्षाका लागि अदालत जान बाध्य भएकी उनलाई विभिन्न धम्की आउन थाले। उत्तेजनामा आएर उनका पतिले सार्वजनिक स्थलमा नै कुटपिट गरे। ज्यान मार्ने धम्की दिए। आफू असुरक्षित भएपछि उनले अदालतसँग गुहार मागिन्। अदालतले पीडितलाई उनी बस्दै आएको घरमा बसोबास गर्न दिन, कुटपिट नगर्न तथा शिष्ट र सभ्य व्यवहार गर्न, पीडितलाई शारीरिक वा मानसिक चोट पुग्ने कार्य नगर्न, गाली बेइज्जती गर्ने, धम्की दिने वा असभ्य व्यवहार गर्ने काम नगर्न वा नगराउन, पीडित छुट्टै बसेको ठाउमा वा बाटोघाटोमा वा कार्यालयमा गई वा कुनै किसिमको सञ्चारमाध्यमद्वारा वा अन्य कुनै प्रकारले दुःख दिने वा सताउने कार्य नगर्न, पीडितको हित र सुरक्षाको निमित्त अन्य आवश्यक र उपयुक्त कुरा गर्न गराउन भन्दै इलाका प्रहरी कार्यालय बिर्तामोडलाई सम्मानित अदालतले अन्तरिम संरक्षणात्मक आदेश जारी गऱ्यो।

पछिल्ला केही महिना उनका पति पनि थकित देखिए। के कारणले हो, मिलेर बस्ने बहाना गर्न थाले। पहल पनि भयो, तर यो नाटकमा रुपान्तरित भयो। गत हप्ताबाट फेरि ति महिलामाथि अपमानजनक व्यवहार, डर, त्रास र धम्की शुरु भयो। रुँदै ती महिला मानव अधिकार सञ्जाल झापामा पुगिन्। घटनालाई नियाली रहेको सञ्जालले प्रहरीले अदालतको अन्तरिम संरक्षणात्मक आदेशलाई बिर्सियो। इलाकामा मेलमिलाप गराउने भनेर पीडितलाई डाकियो। पीडकका पक्षबाट प्रायोजित ठूलो हुल जम्मा गरियो। प्रहरी त्यही हुलको पक्षमा उभियो। ती पीडित महिलाका अनुसार उल्टै प्रहरीले पहिलो पटक फोन गरेर उनीलाई हतकडी लगाएर ल्याउने धम्की र दोस्रोपटक फोनबाट अबदेखि प्रहरीले केही नगर्ने र सुरक्षा नदिने दवाब आयो रे। रुँदै ती महिलाले हामीलाई फोन गरिन्। कानूनले उपल्लो निकायमा उजुरी दिन सक्ने अधिकार दिएको छ भनेर हामीले स्मरण गरायौं। घटना यही हो।

मैले यो घटनालाई आलेखको रुपमा किन प्रस्तुत गरें भने हामो समाजमा कसरी हिंसा हुन्छ, हिंसाले कसरी संरक्षण पाउँछ र महिलाहरु कसरी पीडित भएर बाँच्न बाध्य हुन्छन् भन्ने प्रष्टताका लागि हो। प्रहरीमा पहुँच बनाएर बसेका मानिसहरुले प्रहरीलाई कसरी प्रभावमा पार्ने कोशिस गर्दा रहेछन् र घटनाले कसरी मोड फेर्दो रहेछ भनेर हो। अदालतमा चलिरहेको बिषय र सम्मानित अदालतले जारी गरेको आदेशमा पनि प्रहरीले कसरी पीडितलाई निरुत्साहन र पीडकलाई दुरुत्साहन गर्दोरहेछ भनेर हो। यस घटनामा प्रहरीले कतैबाट प्रभावित नभई गहिरो अनुसन्धान गर्नुपर्छ। कानूनले तोके बमोजिमको जिम्मेवारी र अदालतको आदेशको पालना गर्नुपर्छ भन्ने सजगताका लागि पनि हो।

घरेलु हिंसा (कसुर र सजाय) ऐन २०६६ मा



सुरक्षाका लागि प्रहरीमा उजुरी दिन दिएको सल्लाह बमोजिम ती महिला इलाका प्रहरी कार्यालय बिर्तामोड पुगिन्। उजुरी दर्ता भयो। अचानक निजका पतिले माइतको आश्रयमा बसेकी ती महिलाको घरमा आएर तथानाम गाली-बेइज्जती गर्ने, भाडामा बसेकाहरुलाई धम्काउने, मार्छु र मर्छु भनी हो-हल्ला गर्न थाले। डरले ती महिलाले प्रहरीको संरक्षण मागिन्। शनिश्चरे चौकीबाट प्रहरी पुग्यो पनि, तर उल्टै ती पीडित महिलालाई नै त्रसित र लज्जित बनाएर फर्कियो । उनी इलाका प्रहरी कार्यालय बिर्तामोडमा गुहार माग्न पुगिन्।

अघिल्लो दिन प्रहरीले ती महिलाको संरक्षणका लागि देखाएको जागरुकता एकरात मै सेलायो।

यस्ता हिंसाका घटनाका वारेमा उल्लेख गरेको छ। कसैले पनि घरेलु हिंसा गर्न गराउन वा सो कुराको उद्योग गर्न वा घरेलु हिंसाको निमित्त कसैलाई दुरुत्साहन गर्नु हुँदैन र कसैले यस्तो कार्य गरेमा यस ऐन अन्तर्गतको कसूर गरेको मानिने छ -भनिएको छ। घरेलु हिंसा भएको, भइरहेको वा हुन लागेको थाह पाउने जुनसुकै व्यक्तिले सो सम्बन्धी विवरण खुलाई प्रहरी कार्यालय वा राष्ट्रिय महिला आयोग वा स्थानीय तह समक्ष लिखित वा मौखिक उजुरी दिन सक्नेछ भनिएको छ। सोही ऐनमा उल्लेख भए अनुसार- 'प्रहरी कार्यालय' भन्नाले पीडित बसोबास गरेको, पीडक रहेको वा घटनास्थलको नजिकको प्रहरी कार्यालय सम्झनुपर्छ र सो शब्दले जिल्ला प्रहरी कार्यालय अन्तर्गतको बालबालिका वा महिला सेल वा प्रहरी चौकी वा उपचौकी समेतलाई जनाउँछ भनिएको छ। यही अधिकारको प्रयोग गरी आफू हिंसामा परेको भन्दै ती पीडित महिला इलाका प्रहरी कार्यालय पुगेकी थिइन्।

> बन्द इजलासमा कारवाही र सुनुवाई हुँदा मुद्दाका पक्ष, विपक्ष, निजहरुका कानून व्यवसायी र अदालतले अनुमति दिएका व्यक्ति मात्र त्यस्तो इजलासमा प्रवेश गर्न सक्नेछन्

उक्त ऐन अनुसार पीडितले अनुरोध गरेमा यस ऐन अन्तर्गतको उजुरी सम्बन्धी कारवाही र सुनुवाई अदालतले बन्द इजलासमा गर्नुपर्नेछ। बन्द इजलासमा कारबाही र सुनुवाई हुँदा मुद्दाका पक्ष, विपक्ष, निजहरुका कानून व्यवसायी र अदालतले अनुमति दिएका व्यक्ति मात्र त्यस्तो इजलासमा प्रवेश गर्न सक्नेछन् -भनिएको छ। अचम्म त के छ भने इलाका प्रहरी कार्यालय बिर्तामोडले सम्मानित अदालतले गरेको अन्तरिम संरक्षणात्मक आदेशलाई त बिर्सियो-बिर्सियो घरेलु हिंसा (कसूर र सजाय) ऐन २०६६ मा रहेका प्रावधानहरुलाई समेत बिर्सियो। पीडितले अनुरोध गरेमा सम्मानित अदालतले समेत बन्द इजलासमा गर्नुपर्ने सुनुवाई प्रहरीले पीडक पक्षको हुल जम्मा हुन दिएर ती महिलालाई एक्लै राखी हायलकायल बनाउन उद्यत्त देखियो। अदालतमा विचाराधीन रहेको मुद्दामा कुन र के स्वार्थ राखेर हो वा नजानेर वा राजनीतिक शक्तिकेन्द्र वा नेताहरुको दवाबमा परेर हो पीडितको रक्षा गर्नबाट प्रहरी च्यूत भयो।

भर्खरै झापाको एक सामुदायिक विद्यालयमा शिक्षकद्वारा भएको छात्राहरुमाथिको यौन दुर्व्यवहारको घटनामा पनि प्रहरी सक्रियता पीडितमुखी हुन सकेको देखिएन। सूचना पाएको आधारमा उजुरी दर्ता हुनुपर्नेमा प्रहरीले थाह पाउँदा-पाउँदै पनि कारवाही अगाडि बढाएन। पछिल्लो समयमा झापामा महिला हिंसाका सवालमा देखिएको प्रहरीको उदासिनता र मौनताले मानव अधिकारको संरक्षण र व्यक्तिको सुरक्षा पाउने अधिकार निश्चय पनि कमजोर देखिन थालेको छ। यस्ता विषयमा सम्बन्धित निकायले ध्यान दिन जरुरी छ।

# आधुनिकताको नाममा मौलिकता नबिर्सौं




**संगीता रौनियार**

प्रेम दिवस अर्थात् भ्यालेन्टाइन डे अहिलेका युवापुस्ता मग्न भइरहेका छन्। हातमा गुलाफको रातो फूल, प्रेम निवेदन र घुमफिरको दिन हो प्रेम दिवस। यो युवाको प्रिय चाड नै भइसकेको छ। यो दिन आउनु अघि नै युवा प्रेमको रङ्गमा रंगिएका हुन्छन्। उनीहरु महिना दिन अघिदेखि नै यसको तयारीमा जुटेका हुन्छन्।

ठूलावडालाई प्रेम दिवस जति नै असहज किन नलागोस् युवा मनका निम्ति यो आत्मीय चाड हो। १४ फेब्रुअरीलाई विभिन्न देशमा रोमान्स र मायाको पर्वको रुपमा मनाइन्छ। क्याथोलिक र रोमनहरुको यो चाड आज संसारभरिका युवाका लागि मनपर्ने चाडको रुपमा प्रख्यात भई सकेको छ।

यो चाडको प्रारम्भ शुरुवात कसरी भयो ? भन्ने विषयमा भिन्दाभिन्दै धारणा छ। हजारौं वर्षअघि रोमका राजा क्लोडियसले आफ्नो देशमा कुनै पनि सैनिकले विवाह नगरुन् भन्ने उर्दी जारी गरेका थिए। राजाको सोच थियो- सेना विवाहको झन्झटमा फसे भने युद्ध गर्न सक्दैनन्। भ्यालेन्टाइन पादरी थिए, उनले राजाको आज्ञाविरुद्ध धेरैको विवाह गराए, फलस्वरुप राजाले उनलाई दण्डस्वरुप फाँसी दिए। १४ फेब्रुअरीको दिन नै भ्यालेन्टाइनलाई फाँसी दिइएको थियो र त्यही दिन उनले जेलरकी छोरीलाई प्रेम सन्देश पठाएका थिए। त्यस दिनदेखि यो दिवस 'सेन्ट भ्यालेन्टाइन डे' को रुपमा बिख्यात भयो।

पश्चिमी सभ्यताको चाडले विस्तारै हाम्रो देशमा पनि प्रवेश गऱ्यो र प्रचलित भयो। यो दिन युवा-युवतीको चाहना र माया व्यक्त गर्ने दिनका रुपमा प्रख्यात भएको छ। आजका युवाले जुन भावले पश्चिमी सभ्यता र फेशनलाई स्वीकार गरेका छन्, त्यसैगरी मदर्स डे, फादर्स डे, फ्रेन्डशीप डे, भ्यालेन्टाइन डे पनि सहजरुपमा स्वीकार भएका छन्।



आज हाम्रा पुराना मान्यता, संस्कार र परम्परा खण्डित भइरहेका छन्। आधुनिकता र देखावटीपनको चकचकी बढ्दो छ। प्रर्दशन र नक्कल गर्ने होड नै चलेको छ। आज जुन युवा-युवतीको प्रेमी-प्रेमिका हुँदैन त्यसलाई पिछडिएका डल डम भन्ने बुझिन्छ। आजका युवा मस्तिष्कले मात्र होइन मनले पनि यो चाड प्रति संवेदनशील छ।

क्याम्पसकी एक छात्राको राय छ- 'भ्यालेन्टाइन डे मनाउनुमा के नराम्रो छ र ? जिन्दगीको गोरेटोमा हामीलाई अंकुश होइन खुशी, माया र स्वतन्त्रता चाहिएको छ। सँगसँगै पढ्दा, घुम्दा कार्य गर्दा प्रेमको अंकुरण, प्रस्फुटन हुन्छ, जुन स्वभाविक र सहज हो। यसमा आश्चर्य भन्ने कुरै छैन। समयको विकास सँगै भ्यालेन्टाइन डे मनाउने परम्परामा पनि भिन्नता देखा परिरहेको छ। पहिला-पहिला आफ्नो भाव आँखाले इशाराले व्यक्त गर्ने गर्थे। १९औं शताब्दीमा प्रेमपत्र आदान-प्रदान गरेर भावना व्यक्त गर्थे, पछि १९६० को बेलादेखि रातो गुलाफ र फूलका गुच्छा (बुके) दिने चलन आयो। १९८० देखि डायमन्ड कम्पनीहरुले विभिन्न डिजाइनमा गहना डिजाइन गरी त्यसको भव्य प्रचार प्रसार गर्न थाले।

तर, धेरैजसोले कार्ड, खेलौना मुटु आकारको खेलौना, लकेट, चकलेट इत्र (पर्फ्युम) मग तथा फूल उपहार दिन मन पराउन थाले। यो दिन प्रायः रातो गुलाफले किन दिइन्छ भने गुलाफको फूल मायाको प्रतिक हो, संसारको सबैभन्दा सुन्दर फूल गुलाफ हो, जसले केवल प्रेम र मायाको भाषा अभिव्यक्त गर्छ।

धेरै जनाको विचार छ- 'यो मात्र युवाको चाड हो, तर यो माया र प्रेमको चाड सबैको लागि हो यो दिन प्रत्येक युगल जोडीले प्रेम गर्न सक्छन् यो दिन श्रीमान्/श्रीमातीले आफ्नो-आफ्नो जोडीलाई माया र प्रेमको चिनो दिन कन्जुस्याइँ गर्नुहुँदैन। कुनै सीमा हुँदैन यो जो सुकैसँग हुन सक्छ।

भ्यालेन्टाइन डेलाई लोकप्रिय बनाउनमा आर्चिज कम्पनीको ठूलो हात छ। आर्चिज कम्पनीले आफ्नो उत्पादन कार्डसमा मुटु आकारको मग, खेलौना, स्टेसनरी, प्रेम सन्देश गहना, पर्फ्युम (इत्र), गृह सज्जाको सामान (प्रमोट) उत्पादन गरेका छन्।

यसैदिन कतिपय होटलहरुले गीत, नृत्य, संगीतको रङ्गरङ्ग कार्यक्रमको पनि आयोजना गर्ने गर्छन्। यो दिनमा अरुलाई फाइदा होस् वा नहोस्। तर, फूलका व्यापारीहलाई धेरै फाइदा हुन्छ। यो दिन एउटा गुलाफको कोपिलाको मूल्य दुई सय रुपैयाँसम्म पुग्छ। सक्कली मात्र होइन नक्कली गुलाफको बिक्री पनि उत्तिकै हुन्छ।

कुनै पनि चाडको आफ्नो मौलिकता हुन्छ, त्यसकारण यसलाई सभ्य र सु-संस्कृत तरिकाबाट मनाउनुपर्छ। अश्लीलता भद्दा प्रदर्शनबाट बच्नुपर्छ। माया प्रदर्शन गर्ने होइन। माया महशुस गर्ने हो, पार्टनरको मन जबरजस्ती होइन शालीन मन, व्यवहारबाट जित्नु पर्छ। विश्वास र नम्रताको साथ आफ्नो भावना व्यक्त गर्नुपर्छ। यससँगै आफ्नो हैसियत र सामर्थ्यको अनुसार यो चाड मनाउनुपर्छ। अरुको लहलहैमा लागेर आफ्नो बजट बिगार्न मुर्ख्याइ हुन सक्छ। तसर्थ, प्रेम दिवस मनाउनुहोस्। तर, सीमाभित्र रहेर किनभने माया व्यक्त गर्न, एउटा छड्के नजर नै पर्याप्त हुन्छ। माया, प्रेम यस्तो अभिव्यक्ति हो यो मुखले नबोली आँखाबाट पनि बोल्न सक्छ। प्रेम दिवसमा सबैका माया प्रेम प्राप्त होस् शुभकामना छ।

sangitarauniyar3@gmail.com

# ह्वीलचियर पाउँदा गुरुङ दंग



**बिर्तामोड, माघ २९।** वीरता जेसीजले इनरह्वील क्लव अफ बिर्तामोड मिडटाउनलाई ह्वीलचेयर प्रदान गरेको छ।

वीरता जेसीजका पूर्व अध्यक्ष सजेश शिवाकोटीले आफूलाई वीरता जेसीजले प्रदान गरेको दिलकुमार शर्मा स्मृति वीरता जेसीज सक्रिय पूर्व अध्यक्ष पुरस्कारको रकमले ह्वीलचेयर खरिद गरी उक्त संस्थालाई प्रदान गरेका हुन्।

मानवताको सेवा नै जीवनको सर्वोत्तम कार्य हो भन्ने जेसीजको आस्था अनुसार आफूले पुरस्कारको रुपमा पाएको रकमले ह्वीलचेयर खरिद गरी प्रदान गरेको पूर्व अध्यक्ष शिवाकोटीले बताए। वीरता जेसीजका पूर्व अध्यक्ष शिवाकोटी, अध्यक्ष राजीव धिमाल, निवर्तमान अध्यक्ष मिजाश पोखरेल, अन्तर शाखा समन्वय संयोजक जीवन खड्का लगायतले इनरह्वील क्लव अफ बिर्तामोड मिडटाउनकी प्रेसिडेन्ट रेनु वंशल, सेक्रेटरी सम्झना भण्डारीलाई उक्त ह्वीलचेयर हस्तान्तरण गरेका थिए।

कार्यक्रममा वीरता जेसीजका २०७५ का उत्कृष्ट नागरिक पूर्णप्रसाद चुडाल, रोटरी क्लव अफ बिर्तामोड मिडटाउनका क्लव सर्भिस कोअर्डिनेटर सुजित वंशल लगायतको सहभागिता रहेको वीरता जेसीजका महासचिव लोकचन्द्र श्रेष्ठ (एलसी)ले जानकारी दिए।

यसैबीच इनरह्वील क्लव अफ बिर्तामोड मिडटाउनले बौद्धिक अपाङ्गता भएकी पूर्णिमा गुरुङलाई ह्वीलचेयर प्रदान गरेको छ। वीरता जेसीजका पूर्व अध्यक्ष सजेश शिवाकोटीले प्रदान गरेको ह्वीलचेयर इनरह्वील क्लव अफ बिर्तामोड मिडटाउनले बौद्धिक अपाङ्गता भएकी गुरुङलाई हस्तान्तरण गरेको हो।

कनकाई-१ जामुनवारीस्थित सुस्त मनस्थिति सरोकार समाज नेपालको बालआवास गृहमा रहेकी बौद्धिक अपाङ्गता भएकी गुरुङलाई इनरह्वील क्लव अफ बिर्तामोड मिडटाउनकी प्रेसिडेन्ट रेनु बंशल, एडीडर जुनु विमली उप्रेती, बोर्ड मेम्वर लुना बस्नेत, रेनु गोयल, वर्षा राजभण्डारी लगायतले ह्वीलचेयर प्रदान गरेका थिए।

नेपाल उद्यमशील महिला संघकी अध्यक्ष पार्वता खरेल विमलीको आतिथ्यमा भएको कार्यक्रममा सुस्त मनस्थिति सरोकार समाज नेपालकी अध्यक्ष भागिरथा चापागाई पोखरेलले बौद्धिक अपाङ्गता भएकी गुरुङलाई ह्वीलचेयर प्रदान गरेर इनरह्वील क्लव अफ बिर्तामोड मिडटाउनले ठूलो गुन लगाएको बताइन्।

# गौरादह शिक्षक महासंघ आन्दोलित


**गौरीगञ्ज, माघ २९।** गौरादह नगरपालिकाले शिक्षा बजेटमा व्यापक कटौती गरेको भन्दै गौरादह शिक्षक महासंघ नगर समिति आन्दोलित बनेको छ।

आर्थिक वर्ष २०७७/०७८ मा छैठो नगरसभाबाट पारित शिक्षा बजेट अन्तर्गत नगरपालिकाले बाल शिक्षक र कर्मचारी प्रोत्साहन, विद्यालय कर्मचारी निवृत्त प्रोत्साहन, अंग्रेजी शिक्षक प्रावि तह स्वयंसेवक र प्ले-ग्रुप कक्षा व्यवस्थापन शीर्षकमा बजेट कटौती गरेको हो। नगरपालिकाले बाल शिक्षक र कर्मचारी प्रोत्साहन शिर्षकमा १४ लाख ४० हजार रूपैयाँ, विद्यालय कर्मचारी निवृत्त प्रोत्साहन शिर्षकमा चार लाख रूपैयाँ, २० जना अंग्रेजी शिक्षक प्रावि तह (स्वयंसेवक) शिर्षकमा ३९ लाख रूपैयाँ र प्ले-ग्रुप कक्षा व्यवस्थापन शिर्षकमा आठ लाख रूपैयाँ कटौती गरेको महासंघका अध्यक्ष बाबुराम भण्डारीले बताए।

कटौती गरिएको बजेटको विषयमा व्यक्तिगत तथा संस्थागतरूपमा पटक-पटक ध्यानाकर्षण गराए पनि नगरपालिकाले गम्भीरतापूर्वक नलिएकोले चरणबद्ध आन्दोलन गर्नुपर्ने बाध्यता भएको अध्यक्ष भण्डारीले बताए। उनले फागुन २ गतेदेखि २१ गतेसम्मका आन्दोलनका कार्यक्रम सार्वजनिक गरेको जानकारी दिए। गौरादह शिक्षक महासंघका अध्यक्ष भण्डारीले नगरपालिकाले हालसम्म नगर शिक्षा समिति गठन नगरेको हुँदा प्रचलित कानून बमोजिम नगर शिक्षा समिति तुरुन्त गठन गर्नुपर्ने माग गरेका थिए।

नेपाल शिक्षक महासंघ झापाका अध्यक्ष बुद्रिमान कार्कीले शिक्षा शिर्षकमा बजेट कटौती गरेको दुःखद् भएको बताउँदै नगरपालिकाले तुरुन्त सच्याउनुपर्ने बताए। विद्यालय र शिक्षकका तर्फबाट गुणस्तर शिक्षामा कुनै कमी नरहेको भन्दै शिक्षा क्षेत्रलाई नगरपालिकाले अवहेलना र बेवास्ता गरेको बताए। गौरादह शिक्षक महासंघ गौरादहले सार्वजनिक गरेको आन्दोलनको कार्यक्रमलाई ऐक्यबद्धता जनाउँदै महासंघका झापा अध्यक्ष कार्कीले शैक्षिक समस्यालाई नगरपालिकाले गम्भीरतापूर्वक लिनुपर्ने सुझाव दिएका थिए।

गौरादह नगरपालिकाका नगर प्रमुख रोहितकुमार शाहले शिक्षा बजेटमा कटौती भएको स्वीकार गरेका छन्। कोरोना संक्रमण र उपचारमा थप बजेट खर्चिनुपर्ने बाध्यात्मक परिस्थितिका कारण शिक्षा शिर्षक बजेटमा कटौती गर्नु परेको नगर प्रमुख शाहले बताए। नगरको शैक्षिक गुणस्तरमा नगरपालिका सजक रहेको बताउँदै शिक्षामा नगरपालिकाको छैटौं नगर सभाबाट एक करोड ८६ लाख रूपैयाँमा छुट्याएको जानकारी गराए।



# बिर्तामोडमा भिभो वाइ १२ एस मोबाइल

**बिर्तामोड, माघ २९।** बिर्तामोडमा आयोजित एक कार्यक्रमका बीच भिभो वाइ १२ एस नयाँ स्मार्ट फोन सार्वजनिक गरिएको छ।

भिभो मोवाइलका लागि बिर्तामोडको आधिकारिक विक्रेता फिल नेपाल मल्ट्रीटेड कन्सर्नको संयोजनमा भएको कार्यक्रममा भिभो वाइ १२ एस नयाँ स्मार्ट फोन सार्वजनिक गरिएको हो। दमक, ताप्लेजुङ र बिर्तामोडका विक्रेताहरुको सहभागिता रहेको कार्यक्रममा फिल नेपाल मल्टीटेड कन्सर्नका सञ्चालक हिमाल प्रसाईंले स्वागत गर्दै भिभो वाइ १२ एस मोबाइल सोचेभन्दा उत्कृष्ट रहेकाले ग्राहकले पनि निकै रुचाउनेमा आफू विश्वस्त रहेको बताए।

कार्यक्रममा भिभो मोबाइलका नेपालका ट्रेनर सुजन श्रेष्ठले चीनको बीबीके इलेक्ट्रोनिक्स ग्रुप अन्तर्गतको हङफू इन्टरनेशनलले उत्पादन गरेको भिभो वाइ १२ एस मोवाइल अन्य मोवाइल भन्दा धेरै विशेषता भएकाले युवापुस्ताको रोजाइमा पर्ने बताए।

भिभो वाइ १२ एस मोवाइलमा १३ मेगापिक्चरको मुख्य र प्लस २ मेगापिक्चरको अर्को क्यामेरा, साइड फिंगर प्रिन्ट, ६.५१ इन्चको एचडी प्लस डिस्प्ले, पाँच हजार एमएचजेडको ब्याट्री, उत्कृष्ट प्रोसेसर र अपरेटिङ सिस्टम, लो र सुपर पावर सेभिङ मोड, अल्ट्रा र मल्टीटर्बो गेम मोड, ३२ जीबी मेमोरी कार्ड रहेको बताए। उनले भिभो वाइ १२ एस मोबाइल दुईवटा रंगहरुमा उपलब्ध रहेको र यस मोवाइलको बजार मूल्य १७ हजार नौ सय ९९ रुपैयाँ रहेको जानकारी दिए।



आशन्न भ्यालेन्टाइन डेलाई मध्यनजर गर्दै फेब्रुअरी १४ देखि २८ सम्म लागू हुनेगरी विशेष अफर ल्याएको बताउँदै कम्पनीका ट्रेनर श्रेष्ठले कम्पनीले भिभो वाई १२ एस मोबाइलको मूल्य १७ हजार नौ सय ९९ रुपैयाँ कायम गरे पनि फेब्रुअरी १४ देखि २८ सम्म एक हजार रुपैयाँ तिरेर प्रि-बुकिङ गर्ने ग्राहकले उक्त मोबाइल फोन १६ हजार नौ सय ९९ रुपैयाँमा पाउने बताए। उनले भने- अनलाइनबाट भिभो वाई १२ एस मोवाइल प्रि-बुकिङ गर्ने तीन जना ग्राहकले वाई १२ एस मोबाइल, एक सय जनाले २५ सय रुपैयाँ, पाँच सय जनाले निःशुल्क स्क्रीन परिवर्तन गर्न पाउनेछन्। मोवाइलको स्क्रीन टुटफुट भएमा मात्रै परिवर्तन गर्न सकिनेछ।

कम्पनीको एरिया सेल्स मेनेजर प्रकाश श्रेष्ठले बोलेको कार्यक्रमको सञ्चालन कम्पनीका टेरीटोरी सेल्स मेनेजर निरज सिटौलाले गरेको टेरीटोरी सेल्स मेनेजर रमेश आचार्यले जानकारी दिए।


बिर्तामोडस्थित मेन चोकमा रहेको अति चालू अवस्थाको कस्मेटीक तथा फेन्सी पसल बिक्रीमा छ।
**मो. ९८२३६०३५७८**

अर्जुनधारा-६ महानन्द चोक नेपाली कांग्रेस पार्टी कार्यालय पूर्व ९½धुर जग्गामा ३ तला संरचना, पूर्व मोहडा, पार्किङ सुविधा, भूइँतला टाली, मार्बल भएको घर तु-बिक्रीमा छ।
**सम्पर्क: ९८०७९६५३०९**

## फ्ल्याट तथा घर भाडामा

बिर्तामोडस्थित पश्चिम बस स्टेण्ड उत्तर हाइवेले छोएको युनाइटेड फाइनान्स बसेको घरको दोस्रो तला बैंक, सहकारी फाइनान्सको लागि उपयुक्त फ्ल्याट भाडामा छ। साथै त्यही घरको पछाडि रहेको २ तले घर समेत भाडामा छ।
**सम्पर्क : ९८५२६४१७४०, ९८४४६९८३४०**

झापामै पहिलोपटक भ्याकुम सिष्टमको ठूलो र सस्तो ढल तथा सेफ्टी ट्याङ्की सरसफाईको लागि हामीलाई सम्झनुहोस्।




**सम्पर्क: ९८१४९९३७१२, ९८२४९८११७४, ९८४२६७७८५५, ९८६२६४८२८२**

अत्याधुनिक ट्र्वो (Trabo) प्रविधि सिस्टमको ठूलो ट्याकीबाट सस्तोमा दुगन्धरहित हजुरहरुको सेफ्टी ट्यांकी सरसफाई गर्नु परेमा हामीलाई सम्झनुहोस्।
'चट्ट फोट झट्ट सेवा'



## गोदाम भाडामा छ

पश्चिम बस स्टेण्ड सीपी होटलको पूर्वपट्टिको घरमा २०X४० फिटको २ वटा सटर भएको गोदाम वा अफिस प्रयोजनका लागि कोठा सस्तो मूल्यमा भाडामा छ। भाडामा लिन चाहनुहुने महानुभावले तु-सम्पर्क गर्नुहोला।
**सम्पर्क: ९८४२६३७०२७, ९८१७०३२१००**

## कर्मचारी आवश्यकता

यस सम्पन्न बचत तथा ऋण सहकारी संस्था लि. का लागि निम्न अनुसारको कर्मचारी आवश्यक परेको हुँदा इच्छुक व्यक्तिले तु-सम्पर्क गर्नुहोला।

**१) पदः बजार प्रतिनिधि, संख्याः १० जना**
**स्थानः** माईधार, सुरुङ्गा, दुर्गापुर, लक्ष्मीपुर, चारपाने, बिर्तामोड, बैसाबाडी, अर्जुनधारा, चैतुबारी, बुद्धाबारी, बिर्ताबजार, सैनिकमोड, गरामनी
**तलब+सेवासुविधाः** आपसी समझदारीमा
**योग्यताः** SLC, +२
**२) पदः लेखापाल संख्याः २ जना**
**स्थानः** बिर्तामोड/सुरुङ्गा
**तलबः** आपसी समझदारीमा
**३) पदः व्यवस्थापक संख्याः १ जना**
**तलबः** आपसी समझदारीमा
**सम्पन्न बचत तथा ऋण सहकारी संस्था**
**फोनः ०२३-५४५९८३, ०२३५५०६७६**

## ताप्लेजुङ-पाथीभरा सफल यात्रा


बिर्तामोडबाट ताप्लेजुङ हुँदै पाथीभरा मन्दिरसम्म साथै थेचम्बू, मेमेङसम्मको सफल यात्राका लागि हामीलाई सम्झनुहोस्।



**ताप्लेजुङ पाथीभरा काउन्टर**
**मो. ९८०३२५०४७२/९८०१३६४०९३**

## पाथीभरा सिने प्लाजा बिर्तामोड अब खुल्ला

अंग्रेजी चलचित्र MULAN




बुकिङ्ग गरेको टिकट एक घण्टापछि स्वतः क्यान्सिल हुनेछ। (फोन नं. ०२३-५४६४३६)

सेफ्टी ट्यांकी सफा गर्नु परेमा हामीलाई सम्पर्क गर्नुहोला।

## झापा सेफ्टी ट्यांकी तथा ढल सफाई

**बिर्तामोड सम्पर्क**
**राजुकुमार श्रेष्ठ**
९८५२६४६००५
९८०६०१०४१०
९८४२६३४६२७
०२३-५४६००५




**दमक सम्पर्कः**
**देवी सिटौला**
९८२४९७९१८५
९८४२७६०२६५
९८४२३३२४३०

झापामै सबैभन्दा ठूलो भ्याकुम सिस्टमको ट्यांकीबाट सफाई गरिन्छ।

## हाडजोर्नी तथा नसाका समस्याहरूको सफल उपचार

पूर्वाञ्चलकै पहिलो तथा एकमात्र फरक चिकित्साको उपचार स्पार्क पूर्वाञ्चल अस्पताल बिर्तामोड झापामा हाडजोर्नी तथा नसाका बिरामीहरुको सफल उपचार।

**जाँच तथा उपचार हुने समस्याहरु**
- गर्धन, ढाड, कम्मर दुख्ने, डिस्स प्रोल्याप्स, नसा च्यापिएको, हड्डी खिइएको
- बाथ रोग, युरिक एसिड बढेको, आर्थराइटिस, जोर्नी दुख्ने, जोर्नी जाम भएको
- शरीर झमझमाउने, पोल्ने, लाटो हुने, काम्ने,
- प्यारालाइसीस तथा हिंड्न गाह्रो हुने शरीरको एक वा दुबै भाग नचल्ने, मुख बाङ्गिएको बिरामीलाई भर्ना गरी विशेष उपचार गरिन्छ।
- प्लाराइसीस भएका तथा हिड्न नसक्ने बिरामीका लागि अस्पतालमा भर्ना गरी विशेष उपचार गरिन्छ।

**स्पार्क पूर्वाञ्चल अस्पताल,** कनकाई रोड
नेपाल टेलिकम पूर्व बिर्तामोड, झापा (फोन : ०२३-५४०१२३, ९८०३१५४६१९)


*मिति : २०७७/१०/२९*

प्रस्तुत विषयमा यस कार्यालयबाट प्रकाशित सुचना अनुसार पेश हुन आएका प्रस्ताव मध्ये न्यूनतम मूल्यांकित सारभूत रुपमा प्रभावग्राही भई प्रस्ताव छनौट गर्ने निर्णय भएको हुनाले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा २ बमोजिम सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। छनौट प्रस्ताव विरुद्ध सूचना प्रकाशित मितिले ७ दिनभित्र कुनै प्रस्तावदाताको उजुरी निवेदन पर्न नआएमा उक्त प्रस्ताव छनौट भएको मानि स्वीकृत गरिनेछ।

**तपसिलः**

| S.N. | Contract No. | Description of Works | Name and Address of Successful Bidders | Accepted Bid Amount including VAT &PS NRs |
|---|---|---|---|---|
| 1 | AM/NCB/WORKS/17-077/78 | Construction Of RCC Slab Culvert ward 4,5 and 6 (3 Nos ) | Kanchanjunga Himal Construction Pvt. Ltd., Budhanilkantha-08, Kathmandu | 28,70,695.13 |
| 2 | AM/NCB/WORKS/18-077/78 | Construction Of Aadharbhut Swasthya Kendra Building , Arjundhara-01 and 05 | Durga Laxmi Shrestha Nirman Sewa, Mai Municipality-2, Danabari Ilam | 39,69,229.17 |
| 3 | AM/NCB/WORKS/19-077/78 | Construction Of Aadharbhut Swasthya Kendra Building , Arjundhara-08 and 10 | P & P Nirman Sewa, Mechinagar, Jhapa | 41,78,609.01 |
| 4 | AM/NCB/WORKS/20-077/78 | Construction Of Ward Office Arjundhara -04 | Ganesh Nirman Sewa, Bhadrapur-4, Jhapa | 52,47,171.88 |
| 5 | AM/NCB/WORKS/21-077/78 | Construction Of Ward Office Arjundhara-10 | Garima Nirman Sewa, Bhadrapur, Jhapa | 51,22,585.68 |


# कर्मचारी आवश्यकता

*दोस्रोपटक प्रकाशित मितिः २०७७/१०/२९*

यस सम्योग सम्बृद्धि बहुउद्देश्यीय सहकारी संस्था लिमिटेडको कार्यालय भद्रपुर-१०, झापाका लागि तपशिल बमोजिमका केही मेहनती, इमानदार तथा अनुभवी कर्मचारीहरुको आवश्यक परेको हुँदा योग्यता पुगेका तथा इच्छुक व्यक्तिहरुले सम्पर्क गर्नुहोला।

| क्र.सं. | पद/तह | संख्या | उमेर | न्यूनतम शैक्षिक योग्यता | तालिम तथा अनुभव | निवेदन शुल्क |
|---|---|---|---|---|---|---|
| १. | लेखापाल | १ जना (महिला) | २१ वर्ष पूरा भई ४० वर्ष ननाघेको | कम्तिमा BBS उत्तीर्ण वा सो सरह | Diploma in Accounting Package. | ६००।- फिर्ता नहुने गरी। |
| २. | क्यासियर | १ जना (महिला) | १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको | BBS उत्तीण वा सो सरह | कम्प्युटर सम्बन्धी आधारभूत तालिम, Ms Word, MS Excel राम्ररी जानेको | ५००।- फिर्ता नहुने गरी |
| ३. | Relationship Officers | १ जना (पुरुष/महिला) | २५ वर्ष पूरा भई ४० वर्ष ननाघेको | कम्तीमा BBS उत्तीर्ण वा सो सरह | कम्प्युटर सम्बन्धी आधारभूत तालिम तथा सम्बन्धित क्षेत्रमा राम्रो अनुभव भएको। | ५००।- फिर्ता नहुने गरी |
| ४. | रिसेप्सनिष्ट | १ जना (महिला) | १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको | वाणिज्य शास्त्रमा कक्षा १२ उत्तीर्ण | कम्प्युटर सम्बन्धी अधारभूत तालिम, Ms Word, MS Excel राम्ररी जानेको | ४००।- फिर्ता नहुने गरी |
| ५. | बजार प्रतिनिधि | ७ जना (पुरुष/महिला) | १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको | SLC पास वा सो सरह | सम्बन्धित क्षेत्रको राम्रो अनुभव भएको। | ३००।- फिर्ता नहुने गरी |
| ६. | कार्यालय सहयोग | महिला | १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको | कक्षा ८ पास | तालिम तथा अनुभव नचाहिने | २००।- फिर्ता नहुने गरी |

**तलब :-** संस्थाको नियमानुसार।

**आवश्यक कागजपत्र :-** शैक्षिक प्रमाणपत्रको प्रतिलिपि, नेपाली नागरिकताको प्रतिलिपि, अविभावकको नागरिकताको प्रतिलिपि, बायोडाटा, अनुभवको प्रमाणपत्रको प्रतिलिपि, पासपोर्ट साइजको ३ प्रति फोटो, हस्तलिखित निवेदन।

**निवेदन दिने अन्तिम मिति :-** २०७७ फाल्गुन १ गते शनिबारसम्म। (दिनको ११:०० बजेदेखि २:०० बजेसम्म कार्यालयमा नै आएर फारम भरिदिनु होला। म्याद सकिएपछि आएको निवेदन मान्य हुने छैन।)

**कार्य क्षेत्र (बजार प्रतिनिधिको हकमा) :-** चन्द्रगढी बजार, भद्रपुर, महेशपुर, सगरमाथा, जलथल, हल्दिबारी हुनेछ। साथै माथि उल्लेखित कार्यालय सहयोगी पद बाहेक अन्य पदका लागि धनीपूर्जा रोक्का गरिने वा संस्थाको नियमानुसार नगद डिपोजिट तथा सबैको पारिवारिक जमानत अनिवार्य हुनेछ।

*नोटः- सहकारी क्षेत्रमा काम गरेकालाई विशेष प्राथमिकता दिइनेछ। साथै २५ वर्ष माथिका र मोटरसोइकल, लाइसेन्स भएकालाई विशेष प्राथमिकता दिइनेछ।*

**सम्योग सम्बृद्धि बहुउद्देश्यीय सहकारी संस्था लिमिटेडको कार्यालय,** भद्रपुर, १०, झापा
**फोनः ०२३-४५५६२१, ९८१४९५८६१८, ९८४२६५४६२२, ९८२५९७४१००**
(इमेलः ssmultipurpose2021@gmail.com)




**मेष (चु, चे, चो, ला, लि, लु, ले, लो, अ) -** सहयोगीहरूले साथ दिनाले चिताएका काम सम्पादन हुनेछन्। प्रतिस्पर्धीहरू पछि पर्नेछन्। मिहिनेत गर्दा राम्रो परिणाम प्राप्त हुनेछ।

**बृष (इ, उ, ए, ओ, बा, बि, बु, बे, बो) -** तारिफयोग्य काम गर्दै मनग्गे धन आर्जन गर्न सकिनेछ। प्रतीक्षित नतिजाले उत्साह जगाउनेछ। विभिन्न भौतिक साधन जुट्नेछन्।

**मिथुन (का, कि, कु, घ, ङ, छ, के, को, ह) -** थोरै लगानीबाट पनि नाफा कमाउन सकिनेछ। उद्योग र व्यापारमा विशेष फाइदा उठाउन सकिनेछ।

**कर्कट (हि, हु, हे, हो, डा, डि, डु, डे, डो) -** वचन पुऱ्याउन नसक्ता अरूले आलोचना गर्न सक्छन्। आत्तिने बानीले बोलीको गलत अर्थ लाग्न सक्छ।

**सिंह (मा, मि, मु, मे, मो, टा, टि, टु, टे) -** हातमा आएको रकम अरूका लागि खर्चनुपर्नेछ। बुद्धिले काम लिंदा चिताएको योजना कार्यान्वयनमा आउनेछ।

**कन्या (टो, प, पि, पु, ष, ण, ठ, पे, पो) -** अरूको मुख ताक्ने बानीले आफ्नो काम अधुरो रहनेछ। गोपनीयतामा ध्यान पुऱ्याउँदै शुभचिन्तकहरूको भावना बुझेर अघि बढ्नुहोला।

**तुला (र, रि, रू, रे, रो, ता, ति, तु, ते) -** अवसर प्राप्त भए पनि आत्मविश्वासको कमीले पछि परिनेछ। भेटघाटमा अलमलिनाले आँटेका काममा बाधा हुनेछ।

**बृश्चिक (तो, ना, नि, नु, ने, नो, या, यि, यु) -** मिहिनेत गर्दा पछिका लागि फाइदा लिन सकिनेछ। स्वास्थ्यका लागि खानपानमा सजग रहनुहोला।

**धनु (ये, यो, भ, भि, भु, ध, फा, ढ, भे) -** परिवेश उल्लासमय रहे पनि जीवनशैली व्यस्त रहनेछ। मिहिनेतले नाम र दाम दिलाउनेछ। बिछोडिएका आफन्तसँग भेटघाट हुनेछ।

**मकर (भो, ज, जि, खि, खु, खे, खो, गा, गि) -** करकापमा परी काममा जुट्नुपर्ने वा विशेष निर्णय लिनुपर्ने परिस्थिति आउन सक्छ। अवसरको खोजीमा केही दौडधुप गर्नुपर्ला।

**कुम्भ (गु, गे, गो, सा, सि, सु, से, सो, द) -** छरछिमेकमा असमझदारी बढ्ने देखिएकाले होसियारीसाथ काम लिनुपर्ला। आकस्मिक खर्च बढ्नुका साथै अर्थ अभाव देखापर्न सक्छ।

**मीन (दि, दु, थ, झ, ञ, दे, दो, च, चि) -** पछिका लागि केही वस्तु त्यागनुपर्ला। प्रयत्न गर्दा विदेशयात्रा गर्ने प्रक्रिया भने अघि बढ्न सक्छ।